फोन नं. ४२११९९१,४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी:-

सिंहदरबार, काठमाडौं
नेपाल

## सूचना

मिति २०७९ बैशाख १४ देखि १९ गते सम्म श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री माननीय कृष्णकुमार श्रेष्ठज्यूको नेतृत्वमा सचिव श्री एकनारायण अर्यालसहितको ४ सदस्यीय नेपाली प्रतिनिधिमण्डलले मित्रराष्ट्र मलेसियाको भ्रमण गरी नेपाली श्रमिक दिदीबहिनी-दाजुभाइले मलेसियामा प्राप्त गरेका रोजगारी र भविश्यमा समेत थप रोजगारी प्राप्त गर्ने सन्दर्भमा उच्चस्तरीय भेटघाट तथा छलफल गरेको छ।

भ्रमणको सिलसिलामा यही बैशाख १८ गते (May 1, 2022) देखि लागू हुने गरी मलेसियामा न्यूनतम तलवमान कायम रहेको जानकारी प्राप्त भयो। सो अनुसार अब उप्रान्त नेपाली नागरिकले मलेसियामा रोजगारीको लागि जान चाहेमा न्यनूतम १५००/- मलेसियन रिङ्गेट भन्दा कम रकममा करारनामा नगर्न र वैदेशिक रोजगार व्यवसायीहरुले समेत सो नियमको पूर्ण पालना हुने गरी मात्र नेपाली नागरिकहरुलाई मलेसियामा रोजगारीका लागि पठाउन सहजिकरण गर्न अनुरोध गरिन्छ।

नेपाल सरकार र मलेसिया सरकारबीच सन् २०१८ मा भएको श्रम समझदारीपत्र अनुसार नेपाली नागरिकले मलेसियामा रोजगारी प्राप्त गर्दा पूर्ण रुपमा शून्य लागतको सिद्धान्त (Zero Cost) लागु गर्ने नीतिअपनाएको छ। माननीय मन्त्रीज्यूसहितको उच्चस्तरीय प्रतिनिधिमण्डलले मलेसियाका सम्बन्धित सरकारी अधिकारीहरु, रोजगारदाताहरु र त्यहाँ कार्यरत नेपाली दाजुभाइ-दिदीबहिनीहरुसँगको छलफलका क्रममा सोझासाझा व्यक्तिहरुमाथि चरम आर्थिक भार पर्ने गरी रोजगारीमा पठाएको भन्ने गुनासोहरु प्राप्त भएकोले यसप्रति मन्त्रालयको ध्यान गम्भिर रुपमा आकर्षित भएको छ।

नेपाल सरकार र मलेसिया सरकारका सम्बन्धित कानूनी व्यवस्थाहरुका अतिरिक्त द्विपक्षीय श्रम समझदारीपत्रमा उल्लेख गरिएदेखि बाहेक कुनै पनि तरिकाले मलेसियामा नेपाली नागरिकलाई आर्थिक शोषण गरी ठगी गर्ने नियतसहित रोजगारी दिलाउने जो कोही व्यक्ति वा संस्थाविरुद्ध वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ अनुसार कडा कारवाही गरिनेछ। मलेसियामा रोजगारी दिने भनी कुनै पनि प्रकारको शुल्क कुनै पनि व्यक्ति वा संस्थालाई नबुझाउन र बुझाएको भए सप्रमाण मन्त्रालय वा वैदेशिक रोजगार विभागमा निवेदन गर्न सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

१९ वैशाख २०७९

डण्डुराज घिमिरे
सह-सचिव एवं प्रवक्ता